स्थानः बैठक कक्ष

समयः दिनको १.०० बजे

आज मिति २०८२/०३/१३गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक सङ्ख्या १७

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | आचार्य |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

## १७औं नगर कार्यपालिका बैठकका निर्णयहरु

मितिः२०८२/०३/१३ नगर कार्यपालिका बैठकको निर्णय उतार

१७.१ सन्धिखर्क नगरपालिकामा आर्थिक वर्ष २०८२/८३ देखि सञ्चालन हुने स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा छलफल भइ उक्त कार्यक्रम सञ्चालनको लागि आवश्यक निर्देशिका एवम् कार्यविधि तर्जुमा गर्ने,

१७.२ सन्धिखर्क नगरपालिकामा गत विगत आ.व देखि सञ्चालनमा रहेको सहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रमा आगामी आ.व २०८२/८३ को लागि प्राप्त रकमबाट छनोट भएका योजना तथा कार्यक्रम तोकिएको समय भित्र कार्यान्वयन गर्ने गरी अगाडि बढ्ने,

१७.३ गत आर्थिक वर्ष देखि शुरु भइ सञ्चालनमा रहेको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत गुणस्तरीय बालमैत्री आधारभुत शिक्षा र डिजिटल सिकाइ कार्यक्रम सम्बन्धमा यस नगरपालिकाबाट देहाय बमोजिम कार्य सम्पन्न भएकाले उक्त कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारको तर्फबाट लागत साझेदारी गर्नु पर्ने कुल खर्चको ७० प्रतिशत रकम वित्तीय हस्तान्तरण गरी सम्झौता बमोजिमको रकम उपलब्ध गराउन लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने,

देहायः

| सि. नं | कुल बजेट रु. | मुख्यमन्त्री कार्यालयबाट वेहोरिने रकम रु. | नगरपालिकाको तर्फबाट वेहोरिने रकम रु. | हालसम्मको खर्च | | | प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मुख्यमन्त्री कार्यालयको तर्फबाट वेहोरिने रु. | लागत सहभागिता नगरपालिकाको तर्फबाट वेहोरिने रु. | कुल खर्च रु | भौतिक प्रगति प्रतिशत मा | वित्तीय प्रगति प्रतिशतमा |
| १ | १४२८५०००। | १००००००००। | ४२८५०००। | ७५३०२५०। | ३२२७२५०। | १०७५७५००। | १०० | ७५.३१ |

१७.४ सन्धिखर्क नगरपालिका ७ नम्बर वडा कार्यालयको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, ९८० मिति २०८२/०३/१२ को पत्रबाट सन्धिखर्क नगरपालिका वडा नं ७ मा अवस्थित श्री सुपादेउराली मन्दिर क्षेत्रमा बटम स्टेसन रहने र मसिनाको लेकमा टप स्टेसन रहने गरी केबुलकार निर्माण र सञ्चालन दर्ता गर्नका लागि श्री सुपा देउराली केबुलकार प्रा.लि.को मिति २०८२/०३/१० को पत्रबाट माग भइ आएको भनी वडा कार्यालयबाट उक्त कम्पनीलाई उद्योग विभाग, त्रिपुरेश्वरमा केबुलकार उद्योग दर्ताका लागि सिफारिस गरिदिनु हुन भनी लेखि आएको, उक्त विषयमा घनीभूत छलफल भइ सो सम्बन्धमा सन्धिखर्क नगरपालिकाको धार्मिक तथा महत्वपूर्ण पर्यटकीय क्षेत्र रहेकोले श्री सुपादेउराली मन्दिर क्षेत्रमा केबुलकार निर्माण गर्दा सन्धिखर्क नगरपालिकाको पर्यटन प्रवर्धनका साथै समग्र नगरपालिका एवम् अर्घाखाँची जिल्ला कै आर्थिक, भौतिक र पर्यटन विकासमा टेवा पुग्ने हुँदा सन्धिखर्क नगरपालिकाको सुपादेउराली मन्दिर क्षेत्र वडा नं ७ को सिमाना भित्र बटम र टप स्टेसन राखे गरी श्री सुपादेउराली केबुलकार प्रा.लि.को नाममा प्रचलित कानुन बमोजिम उद्योग दर्ता गरिदिन श्री उद्योग विभाग त्रिपुरेश्वर काठमाडौंमा सिफारिस गर्ने,

१७.५ सन्धिखर्क नगरपालिकाबाट सन्धिखर्क नगरपालिकाको वडा नं १ स्थित अलुवाखोलामा रहेको फोहरमैला प्रशोधन केन्द्र डम्पीङ्ग साइटको स्तरोन्नतीका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्न नगरपालिकाबाट नियुक्त परामर्शदाता श्री इन्द्रेणी ग्रामिण विकासले तयार गरी पेस

CS CamScanner

गरेको प्रतिवेदन बैठकमा प्रस्तुत भइ छलफल तथा प्रस्तुतीकरणमा उठेका सवालहरु समेटी उक्त परियोजना प्रतिवेदन स्वीकृत गर्ने ,

१७.६ मालपोत कार्यालय अर्घाखाँचीको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, २६२९ मिति २०८२/०३/११को पत्र बैठकमा पेस भइ जानकारी भयो सो सम्बन्धमा घरजग्गा रजिष्ट्रेशन पास गर्ने प्रयोजनका लागि चालु आ.व २०८१/८२ मा नै रहेको दरलाई यथावत राखी आगामी आर्थिक वर्ष २०८२/८३ मा घर जग्गा रजिस्ट्रेसन गर्ने कार्य गर्न मालपोत कार्यालय अर्घाखाँचीमा लेखी पठाउने,